
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ३१ गते बिहीबार ❑ 13 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## थला परेको अर्थतन्त्रलाई चलायमान बनाउन जरुरी छ : अध्यक्ष नेपाल


पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ


नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले केही वर्षदेखि थला परेको नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन सरकार सक्रिय भएर लाग्नुको विकल्प नभएको बताउनुभएको छ।

समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीद्वारा बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो, "राजनीतिक स्थिरता, परिवर्तन र सुशासनसँग जोडिएको अर्थतन्त्र बलियो बनाउन सकेनौँ भने लोकतन्त्र नै कमजोर भएर जान्छ।" लोकतन्त्र समाप्त पार्न खोज्ने शक्ति सक्रिय भइरहेको अवस्थामा



प्रधानमन्त्रीले अर्थतन्त्र बलियो बनाएर जनताको आयस्रोत वृद्धि गर्न जरुरी भएको भनाइ उहाँको थियो।

अर्थतन्त्रलाई बलियो बनाउने कार्यमा प्रधानमन्त्रीले अर्थतन्त्रका विज्ञ र पूर्वप्रधानमन्त्रीहरूसँग छलफल तथा राय सुझाव लिएर अगाडि बढ्नसमेत नेपालले सुझाव दिनुभयो। "राजनीतिक स्थिरताका लागि सरकारले मुलुकका देखिएका प्रमुख समस्या पहिचान गरी जनतामा परिवर्तनको महसुस दिलाउन सक्नुपर्छ", नेता नेपालले भन्नुभयो, "प्रतिगामी शक्तिहरू अझै पनि जीवितै रहेकाले उनीहरूलाई परास्त गर्दै अगाडि बढ्नु पर्छ।" लोकतन्त्रको हितमा सहकार्य गर्दै अगाडि बढ्ने समाजवादी पार्टीको उद्देश्य भएकाले प्रधानमन्त्रीकै लागि आफूले मरिहत्ते नगरेको जिकिर उहाँको थियो। एकीकृत समाजवादी पार्टीको दशौँ महाअधिवेशन असारको पहिलो हप्ता काठमाडौँमा हुने जानकारी दिँदै उहाँले महाधिवेशन तयारीका लागि २७ सदस्यीय मस्यौदा समितिसमेत गठन गरिएको जानकारी दिनुभयो। महाधिवेशनमा राजनीतिक, सङ्गठनात्मक, समाजवाद र पार्टी विधानसम्बन्धी मूल विषय बनाएर छलफल हुने पनि सो अवसरमा उहाँले जानकारी दिनुभयो। बाहिर चलेको हल्ला झैँ समाजवादी पार्टी फुट्ने कुनै सम्भावना नरहेको दाबीसमेत उहाँको छ।

## गण्डकी सरकार 'पोखरा जाऔँ, प्रकृति र संस्कृतिसँग रमाऔँ' कार्यक्रम सञ्चालन गर्दै


पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ


गण्डकी प्रदेश सरकारले पर्यटन राजधानी पोखरामा 'पोखरा जाऔँ- प्रकृति र संस्कृतिसँग रमाऔँ' कार्यक्रम सञ्चालन गर्ने भएको छ। पर्यटन राजधानी घोषणा भएपछिको पहिलो नीति तथा कार्यक्रममा उक्त विषयलाई समेटिएको हो।

सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम मङ्गलबार प्रस्तुत गर्दै गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले पर्यटन राजधानी पोखरालाई केन्द्रबिन्दुमा राखी 'पोखरा जाऔँ- प्रकृति र संस्कृतिसँग रमाऔँ' कार्यक्रम लागू गरिने बताउनुभयो। आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'पहिले घरदेश अनि परदेश' कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा भनिएको छ। नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय उपजको विविधीकरण, वैकल्पिक पदमार्गको निर्माण, हिमाल आरोहणको प्रवर्द्धन, पर्यटकको सेवा तथा सुविधा विकास र विस्तार गरिने सरकारको योजना छ। सार्वजनिक-निजी साझेदारीमार्फत पर्यटकीय पूर्वाधार निर्माण, पर्यटकीय उपजको पार्श्वचित्र निर्माण, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्राण्डिङ र प्रचारप्रसारमा जोड दिइने प्रदेश प्रमुख भट्टले बताउनुभयो।

सरकारी तथा निजी क्षेत्रको समन्वय र सहभागितामा विभिन्सांस्कृतिक तथा व्यापारिक मेला, जात्रा तथा सम्मेलनको आयोजना र सञ्चालन, घरबास, सङ्ग्रहालय, कोसेली घर, उद्यान, मानव निर्मित पर्यटकीय गन्तव्यमार्फत आन्तरिक तथा बाह्यपर्यटकलाई आकर्षित गरी पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग आबद्ध गरिने जनाइएको छ। 'राउण्ड फेवाः भ्यू फेवा' कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा चङ्गुरबाट मग्रेबगरसम्म पर्यटकीय आकर्षणका रूपमा ट्रस ब्रिजको निर्माणका लागि आवश्यक पहल गरिने जनाइएको छ। पर्यटकीय क्षेत्र ढोरपाटन र गजेन्द्र मोक्षधामको एकीकृत विकास गुरूयोजना तयार गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। पदयात्रा तथा साइक्लिङका लागि उपयुक्त ठाउँको पहिचान गरी वैकल्पिक मार्गको व्यवस्था गरिने भनिएको छ। गोरखाको मनास्लु लार्केपास-मनाङ-मुस्ताङ र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रूपमा विकास गरिने सरकारको योजना छ। धार्मिक, सांस्कृतिक, आध्यात्मिक, ध्यान, योग, साहित्यिक, साहसिक, खेलकुद पर्यटनको विकास गरिने सरकारको तयारी छ। मुक्तिनाथ, विन्दवासिनी, मनकामना, गोरखकाली, गोरखनाथ, गलेश्वर, बागलुङ कालिका, भैरवस्थान, पञ्चकोट, पञ्चासे, डहरे देउराली, आलमदेवी, नुवाकोट कालभैरव, देवघाट, मौलाकालिका, गलेश्वर आश्रम, महेश आश्रम, हरिहर सन्न्यास आश्रम, केदारेश्वर धाम, लमजुङ कालिकालगायत प्रमुख धार्मिकस्थलको प्रवर्द्धनका लागि विशेष पहल गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो। सरकारले वैकल्पिक पदमार्गहरूको विकाससँगै समग्र पर्यटन क्षेत्रका सन्दर्भमा नीति तथा कार्यक्रममा धेरै विषय समेट्न खोजेका विषयलाई सकारात्मक रूपमा लिइएको ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थी बताउनुहन्छ। सरकारले धवलागिरि क्षेत्रलाई संरक्षण क्षेत्रका रूपमा विकास गर्दै त्यहाँ पदयात्रा पर्यटन लक्षित पूर्वाधार विकास गर्नु जरुरी भएको उहाँले बताउनुभयो।

## खेल र खेलाडीको विकासका लागि प्रदेश सरकार गम्भीर छ : मुख्यमन्त्री पाण्डे


पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ


गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले खेल क्षेत्र र खेलाडीको विकासका लागि प्रदेश सरकार गम्भीर रहेको बताउनुभएको छ।

पोखरा रङ्गशालामा आजदेखि सुरु भएको 'यु-१५ विद्यालय खेलकुद प्रतियोगिता-२०८०' को उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले खेल क्षेत्रको विकासका लागि सरकारले विभिन्न कार्यक्रम गरिरहेको बताउनुभएको हो। "प्रदेश सरकार



खेल र खेलाडीको प्रोत्साहनका लागि दत्तचित्त भएर हामी अगाडि बढिरहेका छौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा पनि यहीअनुसार अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।" ओलम्पिकमा सहभागी खेलाडीको अनुभव आदानप्रदानका लागि गण्डकी प्रदेश सरकारले गत वर्षदेखि 'स्कुल टु ओलम्पियन' कार्यक्रम गरिरहेको र प्रदेशबाट ओलम्पिकमा सहभागी खेलाडीहरूलाई आर्थिक सहयोग पनि गरिरहेको उहाँले जानकारी दिनुभयो।

दुई दिनसम्म चल्ने प्रतियोगितामा एथलेटिक्स, बास्केटबल, रग्बी, टेबलटेनिस, ब्याडमिन्टन र बुद्धिचाल खेलमा सात प्रदेशका छात्रछात्राले प्रतिस्पर्धा गर्ने राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले जानकारी दिनुभयो।

## बालश्रमविरुद्धको विश्व दिवसको अवसरमा सचेतना


पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ


विश्व बालश्रमविरुद्धको दिवसको अवसरमा बुधबार पोखरामा श्रमिक शिक्षा विषयक सचेतना कार्यक्रम आयोजना गरियो। अंग्रेजी पात्रो अनुसार जुन १२ लाई बालश्रविरुद्धको दिवसको रुपमा मनाइन्छ।

'बालश्रम अन्त्यको लागि सँगसँगै प्रतिवद्धता' भन्ने नाराका साथ पोखरा उद्योग वाणिज्य संघ, श्रम तथा रोजगार कार्यालयको संयुक्त आयोजना, राष्ट्रिय बालअधिकार परिषद, बालअधिकारका लागि नागरिक समाजसँगको समन्वय र किडासाको सहयोगमा सो कार्यक्रम आयोजना भएको हो। सचेतना कार्यक्रम बढी मात्रामा श्रमिक बालबालिका प्रयोग हुने व्यवसायका रोजगारदाता, श्रमिक बालबालिका तथा सरोकारवाला निकाय लक्षित थियो। पोखरा उद्योग वाणिज्य


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पृथ्वीचोक क्षेत्र पुनः अस्तव्यस्त



पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ


जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पोखराको पृथ्वीचोक क्षेत्र पुनः अस्तव्यस्त बनेको छ। गत साउनदेखि पृथ्वीचोक-सेतीपुल सडकको दुवैतर्फ पार्किङ निषेध गरिएकामा वर्षदिन नपुग्दै उक्त नियम उल्लङ्घन भएको हो। पर्यटकीय राजधानीसमेत रहेको पोखराको अतिव्यस्तपृथ्वीचोकलाईव्यवस्थित बनाउन जिल्ला सुरक्षा समितिको बैठकले पार्किङ निषेधको घोषणा गरेको थियो।

पार्किङ हटेपछि केही समय सो क्षेत्र शान्त र खुला देखिएको थियो। लामो दूरीका सवारीसाधन पृथ्वीचोकको भित्रपट्टि रहेको बसपार्कबाट छुट्न थालेका थिए। नगर बसलगायत छोटो दूरीका सवारीसाधनले पनि धेरैबेर नरोकी तोकेको स्थानमा यात्रु चढाउने र ओराल्ने गर्थे। पैदल यात्रुलाई पनि आउजाउ गर्न सहज बनेको थियो, तर अहिले हिजोकै अवस्थामा पृथ्वीचोक पुगेको छ। काठमाडौँलगायत लामो दूरीमा चल्ने बसले पनि सडक



किनाराबाटै यात्रु चढाउन थालेका छन्। बसपार्क हुँदाहुँदै सडकबाटै यात्रु चढाउने र ओराल्ने गर्दा सवारी जामको समस्या देखिन थालेको छ। माइक्रो, ट्याक्सीलगायत सवारीसाधन लामो समय रोकिराख्दा पृथ्वीचोक दुवैतर्फको सडक अस्तव्यस्त बनेको छ। ट्राफिक प्रहरीले पनि सवारीसाधन व्यवस्थानमा कडाइ गर्न छाडेको छ। पोखराबाट देशका विभिन्न ठाउँमा पुग्ने सवारीसाधन पृथ्वीचोकबाटै छुट्ने र मृख्य राजमार्ग पनि भएकाले त्यहाँ सवारीसाधनको अत्यधिक चाप हुने गर्छ। बसपार्क, होटल, वित्तीय संस्था, अस्पताल तरकारी बजार, मासु पसललगायत व्यवसाय तथा सरकारी सेवा दिने यातायात व्यवस्था कार्यालयलगायत अड्डा पनि सोही क्षेत्रमा रहेकाले पृथ्वीचोकमा मानिसको भीडभाड भइरहन्छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका वरिष्ठ प्रहरी हबल्दार आशिष क्षेत्रीले सवारीसाधनको बढ्दो चापका कारण पोखरामा पार्किङको समस्या देखिएको बताउनुभयो। "पृथ्वीचोक क्षेत्रमा अहिले पनि पार्किङ त निषेध नै छ, यात्रु चढाउने र ओराल्न मात्र दिने गरेका छौँ", उहाँले भन्नुभयो, "सबैतिरका गाडी पृथ्वीचोक भएर गुड्ने भएकाले ट्राफिक व्यवस्थापन चुनौती भने छ, यसमा यातायात व्यवसायी र स्थानीयवासीको साथ चाहिन्छ।" सडक फराकिलो र व्यवस्थित बनाउन पोखरा महानगरपालिकाले सो क्षेत्रमा रहेका अस्थायी संरचनासमेत हटाएको थियो। जीर्ण अवस्थामा रहेको बसपार्कको मर्मतसुधारको काम महानगर र प्रदेश सरकारले मिलेर गरेका थिए। यातायात व्यवसायीहरूले बसपार्क व्यवस्थित नहुँदा पार्किङको समस्या भइरहेको बताउँदै आएका छन्। पोखरा ४८ वर्षदेखि आधुनिक र व्यवस्थित बसपार्कको पखाईमा छ। बसपार्क बनाउन विसं २०३२ मा अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा परेर खुम्चँदै गएको छ। गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरामा स्तरीय बसपार्क बन्नुपर्ने माग पहिलेदेखि नै हुँदै आएको छ। पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अनुसार पोखरासँग ६३ जिल्लाको यातायात सञ्जाल जोडिएको छ। बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो रहेको छ। बसपार्क व्यवस्थित नहुँदा गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन्। टिकट काउन्टर पनि सडक किनारमा छन्।

# कास्कीमा नदि तथा खानीजन्य पदार्थ बन्द हुने

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

ढुङ्गा, गिटि, बालुवा तथा नदि तथा खानिजन्य पदार्थको अनुगमन समिति कास्कीको बैठक बुधबार सम्पन्न भएको छ।

बैठकले कास्कीमा तीन महिना नदिजन्य र खानिजन्य पदार्थको उत्खनन बन्द गर्ने निर्णय गरेको छ। ढुङ्गा, गिटि, बालुवा तथा नदि तथा खानिजन्य पदार्थको संचालन मापदण्ड २०७७ ले ब्यबस्था गरे अनुसार सो निर्णय गरिएको हो। सो संचालन मापदण्ड अनुसार असार, साउन र भदौ महिनामा नदि तथा खानी जन्य पदार्थको उत्खनन गर्न नपाइने ब्यबस्था अनुसार उक्त निर्णय गरीएको अनुगमन समितिका संयोजक समेत रहनु भएका जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो।

पौडेलले बिकास निर्माणका काममा बाधा नपुग्ने गरि बिद्यमान कानुन र मापदण्डको पालना गर्नुको बिकल्प नरहेको भन्दै कडाइका साथ निर्णय कार्यान्वयन गर्न सरोकारवाला सरकारी निकायहरू र स्थानिय तहहरूलाइ आग्रह गर्नुभयो।

दर्ता नगरी अबैधरूपले मापदण्ड बिपरित संचालित क्रशर उद्योगहरूका कारण बाताबरणिय र पर्याबरणिय संरचनामा प्रतिकुल असर पारेको गुनासो अत्याधिक बढेको कारण त्यस्ता उद्योगलाई समेत तत्काल बन्द गर्न पौडेलले आग्रह गर्नुभयो। उहाँले सबै पालिकाहरू मार्फत उद्योगहरूले जेठ मसान्तभित्र स्रोत खुलाएर स्टक प्रमाणिकरण गरेका सामाग्री यो अबधिमा बिक्रीवितरण र उपभोगमा कुनै बाधा नपर्ने बताउनुभयो। नियमको पालना गर्ने सबालमा कोहि पनि कुनै प्रकारको प्रभाब र दबाबमा नपर्न आग्रह गर्दै अबैध उत्खनन कार्य भएको पाइएमा तत्काल जिल्ला समन्वय ,प्रशासन र प्रहरीलाई सूचना दिन पौडेलले कास्कीबासी जनताहरूलाइ आग्रह समेत गर्नुभयो। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, जिल्ला समन्वय समिति कास्कीका उप- प्रमुख सरिता माल, माछापुच्छे गाउँपालिकाका प्रमुख मीन बहादुर गुरुङ, मादी गाउँपालिकाका अध्यक्ष देबिजङ्ग गुरुङ, रूपा गाउँपालिकाका प्रमुख नवराज ओझा, कास्कीका प्रमुख जिल्ला अधिकारी तथा अनुगमन समितिका सह- संयोजक भरतमणी पाण्डे, कास्कीका प्रहरी प्रमुख मोहन कुमार थापा, ससस्त्र प्रहरी बल कालिका गण मालेपाटनका प्रमुख अरूण शर्मा, क्रशर ब्यबसायी महासंघका केन्द्रिय उपाध्यक्ष लिलाधर बराल, कास्कीस्थित पालिकाका प्रमुख कार्यकारी अधिकृतहरू, अनुगमन समितिका सदस्यहरू सहित विभिन्न सरोकारवाला ब्यक्तिहरूले ढुङ्गा, गिटि, बालुवा, नदि तथा खानीजन्य पदार्थको उत्खनन, ओसार पसार र बिक्रीवितरण र उपभोगमा देखिएका समस्या, चुनौती र निराकरणका सम्बन्धमा आ -आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो।

अनुगमन समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# आर्वाको सिद्धार्थ विद्यालयमा झोला र स्टेशनरी वितरण



पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित सिद्धार्थ आधार भूत विद्यालयका विद्यार्थीलाई मंगलवार झोला, स्टेशनरी वितरण तथा आयोडिनबारे सचेतना कार्यक्रम गरिएको छ।

रोटरी क्लब अफ पोखरा लेकसाइड, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय पोखरा र राष्ट्रिय उपभोक्ता मञ्च कास्कीको संयुक्त आयोजनामा सो कार्यक्रम गरिएको हो।

सो अवसरमा कक्षा १ देखि ४ सम्मका ४४ जना बालबालिकालाई झोला, स्टेशनरी तथा आयोडिन वारे सचेतना गरिएको थियो। सचेतना कार्यक्रममा अभिभावकहरुको पनि बाक्लो उपस्थित रहेको थियो। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय पोखराका प्रमुख सागर शेरचनले आयोडिन मानव स्वास्थ्यका लागि अत्यावश्यक तत्व भएको बताउनु भयो। उत्पादन स्थलमा नुनमा आयोडिनको मात्रा ५० पीपीएम भन्दा बढी राख्नुपर्ने प्रावधान रहेको शेरचनले भन्नुभयो। आयोडिन थाइराइड ग्रन्थिबाट थाइराइड हर्मोन निकाल्न मदत पुग्ने प्रमुख शेरचनले जानकारी दिनुभयो। दुई बालबालिकाको चिन्हअंकित आयोडिनयुक्त नून नै खानुपर्नेमा सुझाव प्रमुख शेरचनको जोड थियो। गर्भवती महिलामा आयोडिन कमीले सुस्त मनस्थिति, लाटो बच्चा जन्मिन सक्ने भएकोले सचेत रहनुपर्ने मा शेरचनले भन्नुभयो। रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष शोभाकान्त सिग्देलले व्यानरमा हस्ताक्षर गरि कार्यक्रम शुरु गर्नु भएको थियो। रोटरी लेकसाइडले सामाजिक उत्तरदायित्व अन्तर्गत गत महिनामा सिद्धार्थ आधारभूत विद्यालयमा जस्ता पाता वितरण गरिएको जानकारी दिर्दै आगामी दिनमा पनि यसरी नै मिलेर काम गर्ने अध्यक्ष सिग्देलले बताउनु भयो। राष्ट्रिय उपभोक्ता मञ्च कास्की अध्यक्ष राजेन्द्र लिगलले उपभोक्ता हकहितका पक्षमा मञ्च सदैव बोल्ने भन्नुभयो। मानव स्वास्थ्यका लागि आयोडिनयुक्त नूनको सवै भन्दा राम्रो हुने अध्यक्ष लिगलले जोडदिनु भयो। सिद्धार्थ आधारभूत विद्यालयका प्रधानाध्यपाक अम्बिका वराल क्षेत्रीले सहयोगप्रति आभार व्यक्त गर्नुभयो। विस २०४७ फागुन सात गते स्थापना भएको विद्यालयमा तीन जना स्थायी, एक जना राहत कोटा, एक जना बाल विकास सहयोगी कार्यकर्ता र एक जना कार्यालय सहयोगी गरी ६ जना कर्मचारी रहेको बरालले जानकारी दिनुभयो।

कार्यक्रममा फस्ट लेडी सम्झना सिग्देल, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय पोखराका प्रमुख सागर शेरचन, राष्ट्रिय उपभोक्ता मञ्च कास्की अध्यक्ष राजेन्द्र लिगल, रोटरी क्लव अफ पोखरा लेकसाइडका निर्वतमान अध्यक्ष डा वीरवहादुर कार्की, समाजसेवी मैया सिग्देल, क्लव सदस्य किशन भण्डारी, सरस्वती लिगल र लेक सिटी कलेजमा विए दोस्रो वर्षमा पत्रकारिता अध्ययनरत आशिका क्षेत्री लगायतले विद्यार्थीहरुलाई झोला तथा स्टेशनरी वितरण गर्नु भएको थियो। विद्यालयका सहायक प्रधानाध्यापक किरणमणी अधिकारी कार्यक्रम संचाललन गर्नु भएको थियो।

# पोखरामा हुने इन्जिनियरिङ महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

इन्जिनियरिङ भनेको नयाँ सोच र विचारलाई मूर्त रुप दिने प्रक्रिया हो। यसका लागि विद्यार्थीहरुले पढेर मात्रै हुदैँन। प्राध्यापकहरुले पढाएकै भरमा पनि पुग्दैन। पढाइ र भोगाइ एकातिर हुन्छ उता विद्यार्थीहरुको प्रतिभा लुकेर बसेको हुन्छ। विद्यार्थीहरुमा भएका प्रतिभाहरुलाई प्रस्टफुटन गर्न कुनै न कुनै माध्यमको आवश्यकता पर्दछ। हो, त्यस्तै प्रतिभावानलाई सोचबाट निकालेर बास्तविकतामा ढाल्न खोजीरहेको पाइन्छ। पोखरा इन्जिनियरिङकलेजमा विद्यार्थीहरुको माझबाट निर्वाचित साझा संस्था स्वतन्त्र विद्यार्थी परिषद्ले आगमी असार १ र २ गते इन्जिनियरिङ महोत्सवको रुपमा ' यन्त्र ' नाम दिएर कार्यक्रम गर्दै छ।

कार्यक्रममा विद्यार्थीहरुका हजारौ प्रतिभाहरु प्रस्टफुटन गर्ने माध्यम बन्दै छ। यसका अतिरिक्त उक्त कार्यक्रममा विभिन्न वर्कसपहरु, टेक्निकल टकसो, वैचारिक बहस, टेक्निकल संवाद, अनुभव साटासाट , विभिन्न खेलकुदहरु, साहित्यक साँझ साङ्गितिक सन्ध्याहरु पनि आयोजना हुने विषयको जानकारी स्वतन्त्र विद्यार्थी परिषद् पोखरा इन्जिनियरिङ कलेजका सचिव तथा इन्जिनियरिङ महोत्सव 'यन्त्र' का कार्यक्रम संयोजक मिलन डुम्रेले जानकारी दिनुभयो। असारको १ र २ गते हुने यन्त्र कार्यक्रम सम्भवत पोखराकै पहिलोपटक हुन लागेको छ। देश भरि कै इन्जिनियर र आर्किटेक्टहरुलाई पोखरामा निमन्त्रणा गरिसकिएको संयोजक डुम्रेले भन्नुभयो। कार्यक्रममा नेपाल इन्जिनियर्स एसोसिएसन केन्द्रीय सभापति डा. हरि बहादुर दर्लामी तथा महासचिव ई. रवि भुषण झा कार्यक्रममा सहभागी हुने छन्।

गोरखाका पालुङ्टार नगरपालिकाका पूर्व मेयर ई. दिपक बाबू कंडेल, नेपाल इन्जिनियर्स एसोसिएसनका केन्द्रीय पदाधिकारी, पोखरा विश्वविद्यालयका विभिन्न प्राध्यापकहरु, पोखराको सहरी विकासको विषयका विज्ञ किसान सिंह गुरुङ, विभिन्न विश्वविद्यालय तथा कलेज र प्रशासन क्षेत्रमा आबद्ध व्यक्तिहरु कार्यक्रममा आउने तयारी भएको छ। इन्जिनियर पेसा कै नेपालका हस्तिहरु पूर्व प्रधानमन्त्री तथा आर्किटेक्ट इन्जिनियर डा. बाबुराम भट्टराईलाई समेत निमन्त्रणा गरिएको छ। कार्यक्रम २ दिनको भएकाले विद्यार्थीहरु मात्रै नभइ अभिभावकहरुलाई समेत निमन्त्रणा गर्ने गरि तयारी भइरहेको संयोजक डुम्रेले जनकारी दिनुभयो। यन्त्र कार्यक्रम पोखरामा भने पहिलोपटक स्वतन्त्र विद्यार्थी परिषद्को पहलमा पोखरा इन्जिनियरिङ कलेजमा हुन लागेको हा। अन्तरक्रिया कार्यक्रममा नेपालमा इन्जिनियरिङ हिजो, आज र भोलि, प्रविधिका कुरा विश्वविद्यालय देखि कलेजसम्म कति अपडेटेड, इन्जिनियरिङ नेतृत्व, हामी कहाँ ?, इन्जिनियर / आर्किटेक्ट, देश कि विदेश ? , प्राविधिक देखि प्रशासनसम्म कसरी ? भन्ने विषयमा छुट्टाछुट्टै विशेष अन्तरक्रिया कार्यक्रम हुने छ। टेक्निकल टकमा पोखरा इन्जिनियरिङ कलेज देखि लोक सेवासम्म यात्रा, इन्जिनियर देखि मेयरसम्मको यात्रा, समकालीन समयमा आर्टिफिसिल इन्टेलिजेन्टको भूमिका, इन्जिनियरिङ जीवन र महिला जस्ता विषयमा हुने छन् भने खेलकुदहरु तर्फ अन्तरकलेज बास्केटबल प्रतियोगिता, अन्तर कलेज इ स्पोर्ट्स, चेस तथा टेवलटेनिस प्रतियोगिता हुने छ। साथै विभिन्न फोटोग्राफी, मोडलिङ्ग, लाइभ आर्ट, हाजिरी जवाफ, आइडिया हन्ट, सोलो म्युजिक तथा हेकाथोन कार्यक्रम रहेका छन्। त्यस्तै वर्कसपमा पोटफोलियो वर्कसप, पब्लिक स्किपिङ्ग वर्कसप, इमेल व्यवस्थापन वर्कसप तथा व्यक्तिगत डाटा व्यवस्थापन वर्कसप आयोजना हुने छ। कार्यक्रममा विद्यार्थीहरुबाटै फुड स्टलहरु तथा गेमिङ्ग स्टलहरु पनि राख्ने गरि व्यवस्थापन भइरहेको छ।

दुइ दिनको कार्यक्रम भएकाले विद्यार्थीहरुलाई ५ बजेपछि पहिलो दिन साहित्यक साझँ र नृत्य प्रतियोगिता गरिएको छ भने दोस्रो दिनमा प्रसिद्ध साङ्गितिक समूह ल्याउने व्यापक तयारी भइरहेको आयोजकले बताएको छ। कार्यक्रम व्यवस्थापनमा पोखरा इन्जिनियरिङ कलेजका सबै विद्यार्थीहरु लागिरहेको छ मंगलबार उक्त कार्यक्रमको प्रि कार्यक्रम समेत आयोजना गरिएको स्वतन्त्र विद्यार्थी परिषद पोखरा इन्जिनियरिङ कलेजका सभापति बिराट सिग्देलले पोखरापत्रलाई वताउनु भयो। उक्त प्रि कार्यक्रममा हाजिरी जवाफ प्रतियोगिताको छनोट, नृत्यहरु तथा विभिन्न सांगीतिक प्रस्तुति समेत विद्यार्थीहरुले देखाएका सभपति सिग्देलले भने।

# बालश्रमविरुद्धको ...

संघ सामाजिक विकास केन्द्रका अध्यक्ष राजेन्द्रकुमार लालचनको अध्यक्षता तथा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता कुमालको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा श्रम तथा रोजगार कार्यालयका कारखाना निरीक्षक इन्जिनियर बलराम कुसवाहा र राष्ट्रिय बालअधिकार परिषदका प्रदेश समन्वय अधिकृत बद्री वाग्लेले श्रम कार्यालयबाट गरिने काम तथा श्रम ऐनका विषय र बालश्रम, कानूनी प्रावधान तथा व्यवहारिक पक्षबारे जानकारी गराएका थिए। कार्यक्रमको खुला सत्रमा पोखरामा बालबालिकाको अबस्था, व्यवहारिक पक्ष तथा कानूनी पक्षमा मेल नखाने तर्क सहभागीले दिएका थिए।

पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष गोर्कण कार्कीको स्वागत रहेको सो कार्यक्रममा शान्तिका लागि नागरिक समाजका अध्यक्ष बिना सिलवाल, श्रम तथा रोजगार कार्यालयका बरिष्ठ श्रम अधिकृत सुरेश ढकाललगायतले बालश्रम अन्त्यका लागि सरोकारवाला सक्रिय रहनुपर्ने मन्तव्य राखेका थिए। यसैबीच बालअधिकारका लागि नागरिक समाजले बुधबार नै सामाजिक विकास तथा स्वास्थ्यमन्त्री बिन्दुकुमार थापा र श्रम तथा रोजगार कार्यालय पोखराका बरिष्ठ श्रम अधिकृत सुरेश ढकाललाई बालश्रम अन्त्यका लागि ध्यानाकर्षण पत्र बुझाएका छन। सोही अवसरमा पोखरा उद्योग वाणिज्य संघ सामाजिक विकास केन्द्रमार्फत् पोखरा १७ मा रहेको पार्दी माध्यमिक विद्यालय र पोखरा ८ मा रहेको श्री राम आधार भूत विद्यालय सिमलचौरमा अध्ययन गर्ने तीन सयजना बालबालिकाहरुलाई बालश्रमका विषयमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो।

# पान द्वारा सात प्रदेशका उत्कृष्ट विद्यालयलाई सम्मान, गण्डकीमा बाटुलेचौरको विन्ध्यवासिनी मावि

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

प्रिन्सिपल एसोसिएसन अफ नेपालले सातै प्रदेसवाट छनौट गरिएका विद्यालय तथा प्रधानाध्यापकलाई सम्मान सहित पुरस्कृत गरेको छ।


सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरूको साझा संस्था पानले प्रथम अधिवेशनका अवसरमा काठमाडौंमा विशेष कार्यक्रमका विच सर्वोत्कृष्ट विद्यालय र प्रधानाध्यापकलाई सम्मान गरेको हो। संस्थाले गण्डकी प्रदेशबाट उत्कृष्ट विद्यालयमा पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी मावि, उत्कृष्ट प्रधानाध्यापकमा प्रकास मावि बेनीका लेख बहादुर हमाल र उत्कृष्ट पालिकाको रूपमा पुर्वी नवलपरासीको मध्यविन्दु नगरपालिका छनौट भएका थिए।

उनीहरू सहित सात वटै प्रदेशमा सर्वोत्कृष्ट भएकालाई प्रतिनिधि सभाका उपसभामुख ईन्दिरा राना, एमाले नेता प्रदीप ज्ञवाली, नेपाली कांग्रेसका नेता बद्री पाण्डे, माओवादी केन्द्रका नेता देवेन्द्र पौडेलले सम्मान गरे।

गतवर्ष मात्र सामुदायिक विद्यालय तर्फ देशकै सर्वोत्कृष्ट पहिलो बनेको विन्ध्यवासिनी मावि लगातार उत्कृष्ट बन्दै रेकर्ड नै राख्न सफल भएको छ। सम्मान पछि विद्यालयका प्रअ कृष्णप्रसाद आर्चायले सबै पक्षको सहयोग र शैक्षिक तथा भौतिक विकासमा खेलेको भूमिकाले नै विद्यालय लगातार उत्कृष्ट बनेको बताए। उनले सम्मानले थप जिम्मेवार बनाएको बताउदै, थप शैक्षिक गुणस्तर वृद्धिका लागि आफुहरु लागि परेको स्पष्ट पारे। पानका अध्यक्ष सुदन प्रसाद गौतमको अध्यक्षतामा कार्यक्रम भएको थियो। उत्कृष्ट विद्यालयको रूपमा सम्मानित भएको उक्त विद्यालयको अवलोकन र शैक्षिक गतिविधिको अध्ययन गर्न दैनिक जसो देशका बिभिन्न भागबाट विद्यालयको टोली आउने गरेको बताईएको छ। हालसम्म करिब पाँच सय बढी विद्यालयवाट विद्यालयको अवलोकन तथा अध्ययनका लागि आएको विद्यालयका अप्रेसन म्यानेजर नविन अधिकारीले जानकारीदिए। टोलीलाईविद्यालयले गरेका शैक्षिक तथा अतिरिक्त क्रियाकलाप, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले खेलेको भूमिका र शिक्षक कर्मचारीले गरेको मेहनतका विषयमा जानकारी दिने गरिएको छ। यसअघि उक्त विद्यालय कास्कीका विभिन्न संघसंस्थावाट समेत सम्मानित समेत भईसकेको छ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।





सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरू :
» शरिरको एक हर तर्फले।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति असार १ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# प्रधानमन्त्रीको हुटहुटी

प्रधानमन्त्री पुष्प कमल दाहालले सरकारको कार्यक्रम पुरा गर्न तय गरिएका क्रियाकलापहरूको कार्यान्वयनमा विशेष ध्यान दिइ शतप्रतिशत नतिजा ल्याउन कर्मचारीसँग आग्रह गरेका छन ा नीति तथा कार्यक्रम र बजेटको़त् प्रभावकारी कार्यान्वयनमा आवश्यक पूर्वतयारीका कामहरू समयमै सम्पादन गर्न निर्देशन दिएर समयमै सजग गराएका छन । तोकिएको समयमा निर्धारित लक्ष्यअनुरुपको नतिजा हासिल गर्न कर्मचारी वर्गको क्रियाशीलता आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले कार्यरत तहअनुसार कर्मचारीरूको क्षमता विकास गर्नुका साथै उत्प्रेरणा तथा मनोबल बढाउँदै लगिने बताए ।

मन्त्रिपरिषद्को कार्यालय र मातहत निकायहरूको कार्यसम्पादनस्तर, नतिजा र गुणस्तरलाई राष्ट्रिय मानकको रूपमा स्थापित गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले मुलुकको कार्यकारी मुख्यालयको समग्र छवि र प्रगतिमा सरकारको कार्यसम्पादनस्तर प्रतिविम्बित हुने भएकाले त्यस विषयमा ध्यान दिनुपर्ने बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आवश्यकता भन्दा बढी कर्मचारी थन्काउने निकायको रूपमा भन्दा विज्ञता र क्षमता उपयोग गर्ने थलो बनाउनुपर्नेमा जोड दिँदै उनले यस विषयमा विशेषगरी मुख्य सचिव र सचिवहरूले नेतृत्वदायी भूमिकासहित आवश्यक प्रबन्ध गर्न निर्देशन दिए । प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी काम गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले योजना तथा कार्यक्रमहरू समयमा कार्यान्वयन गर्न आग्रह गरे । उनले यिनको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी समयमा सूचना प्राप्ति, सूचनाको गहन विश्लेषण र समस्या समाधानका लागि आवश्यक सकारात्मक हस्तक्षेप गर्नुपर्ने जरुरी छ भने ।

'समग्र कार्यसम्पादनबाट निरास हुनुपर्ने अवस्था नभए पनि तोकिएको कार्यक्रम, तय गरिएको माइलस्टोन तथा सूचकमा पूर्ण उपलब्धि हासिल गर्न थप मेहनतको आवश्यक छ,' उनले थपे । कार्यान्वयन र अनुगमन गर्नका लागि कार्यालय तथा मातहतका निकायका प्रमुखहरूले विशेष योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए । प्रधानमन्त्रीले दिएको चासो र निर्देशन शासकीय सुधारकाका लागि हो ।जुन सरकार आए पनि काम गर्ने शैली परिवर्तन नआएपछि सुधार गर्ने हुटहुटीले सुधारको लागि हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ कालाबाङ घरेडी सामुदायीक होमस्टेमा पैदलमार्ग निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** पैदल मार्ग, कालाबाङ घरेडी सामुदायीक होमस्टे
**उपभोक्ता समितिको नाम:** कालाबाङ घरेडी सामुदायीक होमस्टे व्यवस्थापन समिति, पोखरा-२२
**योजना सम्झौता मिति :** २०८०/१२/२७ गते
**योजना सुरु मिति :** २०८०/१२/२८ गते
**योजना सम्पन्न हुने मिति :** २०८१ जेठ मसान्त
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बाट प्राप्त :** रु. ११,५२,०००/-
**जनसहभागिता :** रु. १,१८,९४८/-
**योजनाको कुल लागत :**रु. १२,७०,९४८/-

**यामबहादुर गुरुङ**
**अध्यक्ष**
**कालाबाङ घरेडी सामुदायिक होमस्टे व्यवस्थापन समिति**
**पोखरा-१७, कास्की**

# कोत्रे–भत्केको चौकी खण्डमा शाखा बाटो बनाउन माग

**पोखरापत्र संवाददाता**
पोखरा ३० जेठ

पृथ्वी राजमार्ग अन्तर्गत निर्माणाधिन पोखरा-मुग्लिन(पश्चिम खण्ड)को कोत्रेदेखि भत्केको चौकीसम्मको राजमार्गको दायाँ बायाँ शाखा बाटो निर्माणका लागि स्थानीयले माग गरेका छन् ।

पोखरा महानगरपालिका वडा नं ३२ खण्डमा पर्ने यस क्षेत्रमा राजमार्ग निर्माणको काम भैरहँदा शाखा बाटोहरू बन्नेतर्फ कुनै चासो नदेखिएको भन्दै स्थानीयले यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएका हुन् । तल्लो गगनगौंडा बजार व्यवस्थापन समितिको संयोजनमा आज स्थानीयवासी एवम् सरोकारवाला निकायको प्रतिनिधि सहितको भेलामा यस खण्डमा शाखा बाटो, ढल निकाश, लिंक रोड लगायतका विषयमा स्थानीयले ध्यानाकर्षण गराएका हुन् ।

कोत्रे-भत्केको चौकी खण्डमा तल्लो गगनगौंडा लगायतका स्थानमा बजारीकरण बढीरहेपनि राजमार्ग निर्माण भैरहँदा शाखाबाटो निर्माणतर्फ सम्बन्धित निकायको ध्यान पुग्न नसकेको तल्लो गगनगौंडा बजार व्यवस्थापन समितिका अध्यक्ष भुवानीप्रसाद पौडेलले बताउनुभयो । विद्यमान समस्याहरूको समाधानका लागि सहयोग समिति गठन गरी त्यस मार्फत आवश्यक पहलहरू अघि बढाउने भेलामा छलफल भएको उहाँले बताउनुभयो । सडकको दायाँबायाँ तत्कालै आवतजावत सहज बनाउने उद्देश्यले त्यहाँ भैरहेको खेतीपाती, अन्य संरचना तथा टहरालाई १५ दिन भित्रमा हटाउनका लागि सूचना समेत जारि गरिनेभएको उहाँले जानकारी गराउनुभयो । गोगन माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलले पृथ्वीराजमार्गको निर्माणधिन सडक अन्यत्र छ लेनको भए पनि कोत्रे-भत्केको चौकी खण्डमा मात्रै चार लेन हुनुको कारणबारे प्रश्न गर्नुभयो् । तल्लो गगनगौंडा क्षेत्रमा बाटाको स्वरुप परिवर्तन भएर उचाई बढेको उल्लेख गर्दै उहाँले यसतर्फ स्थानीयले केही जानकारी पाउन नसकेको बताउनुभयो । सडक निर्माण भैरहँदा शाखा बाटो तर्फ ध्यान नपुगेको र यस क्षेत्रका निजी तथा सामुदायिक विद्यालयमा अध्यननरत तीन हजार पाँच सय विद्यार्थीका साथै सर्वसाधारण बाटो काट्न पनि समस्यामा परिरहेको उहाँको भनाइ छ । जिल्ला भलिवल संघ कास्कीका उपाध्यक्ष शरणकुमार प्रधानले तल्लो गगनगौडा लगायतका क्षेत्रमा निर्माणाधिन सडकको उचाई धेरै बढ्दा राजमार्ग आसपासका स्थानीयवासी समस्यामा परेको बताउनुभयो । राजमार्गसँग जोडिएका शाखा बाटो निर्माणतर्फ ध्यान नपुग्नुका साथै हाल भैरहेको नालाले वर्षातको पानीलाई थेग्न समस्या हुने उहाँले बताउनुभयो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा न. १७ संगमचोक पुर्व मार्ग छोरेपाटन बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** संगमचोक पूर्व मार्ग छोरेपाटन बाटो निर्माण
**उपभोक्ता समितिको नाम:** संगमचोक पूर्व मार्ग छोरेपाटन बाटो निर्माण उपभोक्ता समिति, पोखरा-१७
**योजना सम्झौता मिति :** २०८१/०१/२५ गते
**योजना सुरु मिति :** २०८१/०१/२६ गते
**योजना सम्पन्न हुने मिति :** २०८१/०२/३० गते
**महानगरपालिका बाट प्राप्त :** रु. ५,००,०००/-
**जनसहभागिता :** रु. ५,००,०००/-

**उपभोक्ता समिति**
अध्यक्ष : क्या. दिलबहादुर थापा
उपाध्यक्ष : खड्क बहादुर क्षेत्री
सचिव : सुब बहादुर क्षेत्री
कोषाध्यक्ष : सृजना पौडेल खड्का
सदस्यहरु : पूर्ण बहादुर, पोषण अधिकारी, निरुता गुरुङ, सावित्री जिसी, तुलबहादुर गुरुङ

**अनुगमन समिति संयोजक** : कमल बहादुर रेग्मी
**सदस्यहरू** : इश्वरी लम्साल र सजना क्षेत्री

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ गच्छा मार्ग भित्री बाटो ढलान नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः गच्छा मार्ग भित्री बाटो ढलान नाला निर्माण
ठेगानाः पोखरा–२७, कास्की
योजना सम्झौता मितिः २०८०/१२/०७ गते
योजना शुरु हुने मितिः २०८०/१२/०९ गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/३० गते
योजनाको कुल लागतः रु. १५,००,०००/-
महानगरपालिकाबाटः रु. ७,५०,०००/-
उपभोक्ताबाटः रु.७,५०,०००/-
उपभोक्ता समिति अध्यक्षः सुशिला पौडेल मो. ९८४६५१७५९५
जम्मा सदस्य संख्याः १०, महिला सदस्यः ६ पुरुष सदस्यः ४

**गच्छा मार्ग भित्री बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-२७, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ सूर्य चन्द्र बाटोमा नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सूर्य चन्द्र बाटोमा नाला निर्माण
ठेगानाः पोखरा–१७, कास्की
योजना शुरु मितिः २०८०/१२/११ गते
योजना सम्पन्न मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ६,६६,६६६/६६
महानगरपालिकाबाटः रु. ६,००,०००/-
उपभोक्ताबाटः रु.६६,६६६/६६
उपभोक्ता समिति अध्यक्षः धर्मराज पौडेल

**सूर्य चन्द्र बाटोमा नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-१७, कास्की**

# पाँच केन्द्रबाट राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली ३० जेठ

जिल्ला प्रशासन कार्यालय तनहुँले राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनका लागि घुइँचो नगरिदिन आग्रह गरेको छ । कार्यालयले आज प्रेस विज्ञप्ति जारी गरी तोकिएको समयभित्रै सबै सेवाग्राहीलाई सहजरूपमा सेवा प्रवाह गर्ने सम्बन्धमा छलफल भइरहेको उल्लेख गरेको छ ।

प्रशासकीय अधिकृत विकास श्रेष्ठले जारी गर्नुभएको विज्ञप्तिमा 'आज सेवा नलिए भोलि पाइँदैन' भन्ने धारणा नराखी समन्वय गरिदिन आग्रह गरिएको छ । आगामी साउनभित्र सबै सामाजिक सुरक्षा भत्ताका लाभग्राहीलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गरिसक्ने गरी काम भइरहेकाले हतारिएर भीडभाड गर्नुपर्ने अवस्था नरहेको प्रशासन कार्यालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा साबिकमा दुई केन्द्रमार्फत राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन हुँदै आएकामा हाल तीनवटा सङ्कलन केन्द्र थप गरिएको प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । प्रशासन कार्यालयमा हाल चारवटा सङ्कलन केन्द्र रहेका भन्दै देवघाट गाउँपालिकामा एउटा केन्द्र थपिएको उहाँले बताउनुभयो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आगामी साउनदेखि सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको अवस्थामा प्रशासन कार्यालयमा विवरण सङ्कलनका लागि वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिको बढी भीड लाग्ने गर्दछ । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले विवरण सङ्कलनको कार्यलाई सहज बनाउन पालिकागत रुपामा बार निर्धारण गर्ने विषयमा छलफल गरिएको बताउनुभयो । प्रशासन कार्यालयले निर्धारित समयभित्र सबैलाई परिचयपत्र नम्बर उपलब्ध गराउने भन्दै यसका लागि नागरिकले पनि आवश्यक समन्वय गरिदिनुपर्ने उहाँले बताउनुभयो ।

# आयआर्जनका लागि कुखुराका चल्ला

**पोखरापत्र संवाददाता**
स्याङ्जा ३० जेठ

स्याङ्जाको वालिङ नगरपालिकाले आयआर्जनका लागि कुखुराका चल्ला वितरण गरेको छ । नगरपालिका भित्र रहेका फरक क्षमताका नागरिकलाई आयआर्जनमा टेवा पुग्ने उदेश्यले कुखुराका चल्ला वितरण गरेको हो । फरक क्षमता भएका मध्ये पहेलो र सेतो कार्ड प्राप्त गरेका लाभग्राहीलाई १० ओटाका दरले कुखुराका चल्ला वितरण गरेको वालिङ नगर पशु शाखाका प्राविधिक डोलराज गैह्रेले जानकारी दिए ।

१४ वटा वडा रहेको वालिङका सबै वडाका फरक क्षमता भएर पनि सामाजिक सुरक्षा भत्ता प्राप्त नगर्ने लाभग्राहीको दैनिक आयआर्जनमा केहि मात्रामा भएपनि सहयोग पुगोस भन्ने उद्देश्यले कुखुराका चल्ला प्रदान गरिएको प्राविधिक गैह्रेले बताए । नगरपालिकाले २९ जना फरक क्षमता भएका पहेलो र सेतो कार्ड प्राप्त गरेका नागरिकलाई उन्नत जातको कुखुराका चल्ला वितरण गरिएको वडा नं. ११ का अध्यक्ष डण्डपानी पंगेनीले बताए । फरक क्षमता भएका नागरिक पनि बाच्न सहज हुने बातावरण स्थानीय सरकारले बनाइदिनुपर्छ पंगेनीले भने,'अनुदान थोरै भएपनि यसको सदुपयोग गर्नुहोला ।' अनुदानबाट प्राप्त गरेको चल्लाको दुरुपयोग नगरी आयआर्जन हुनेगरी सदुपयोग होस उनले भने । सामाजिक विकास समिति संयोजक युगमाया पंगेनी, पशु शाखा प्रमुख रोशन बस्याल, स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पंगेनी, कार्यपालिका सदस्य हरिलाल विकलगायत जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । १४ वटै वडाका पहेलो र सेतो कार्ड पाएका नागरिकलाई यस्ता कार्यक्रमको निरन्तरता रहिरहने नगरपालिकाले जनाएको छ । सामाजिक विकास समिति संयोजक युगमाया पंगेनीले फरक क्षमता भएकाहरुलाई यो कार्यक्रमले आर्थिक रुपमा सबल बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरिन् । हरेक कार्य सानैबाट शुरु हुने भएकाले व्यवसायिक रुपमा अगाडि बढ्न चाहानुहुनेका लागी नगरपालिकाले सँधै सहयोग गर्दै आएको पंगेनीले स्मरण गराइन् । लाभग्राहीले नगरपालिकाले दिएको अनुदानको पुरा सदुपयोग हुने बताएका थिए ।

# पर्वत अस्पतालमा विशेषज्ञ सेवा विस्तारपछि स्थानीय लाभान्वित

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ जेठ

लामो समयसम्म सामान्य औषधोपचार सेवा प्रवाह हुँदै आएको पर्वत अस्पतालले हालै विशेषज्ञ सुविधा विस्तार गरेपछि स्थानीय लाभान्वित भएका छन् ।

अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले विशेषज्ञ चिकित्सक पदपूर्ति भएपछि विशेषज्ञ सेवा विस्तार गरिएको बताउनुभयो । कन्सल्टेन्ट मेडिकल जलरलिष्ट सेवा, जनरल सर्जन सेवा र स्त्री तथा प्रसूति रोग विशेषज्ञ सेवा विस्तार गरिएको उहाँले बताउनुभयो । अस्पतालबाट अबदेखि मेडिसिन, सर्जिकलसम्बन्धी सम्पूर्ण सेवा चौबिसै घण्टा उपलब्ध हुने र यसका लागि डा हेमन्त बाँस्तोला र डा मिलन अबाल सेवामा रहने छन् । त्यसैगरी जनरल सर्जन सेवातर्फ डा शिशिर देवकोटाले सेवा दिनुहुने छ ।

डा सन्तोषी थपलिया सरुवा भएर आएपछि स्त्री तथा प्रसूतिसम्बन्धी सम्पूर्ण विशेषज्ञ सेवा अब जिल्लामै पाइने छन् । यस्तै शरीरमा गाँठागुठी भएका, पाइल्स, फिस्टुला, हाइड्रोसिल, हर्निया, एपेण्डिसाइटिसलगायत विभिन्न शल्यक्रिया सेवा पनि यही अस्पतालाट प्रदान हुने अध्यक्ष गिरीले बताउनुभयो । अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा हेमन्त बाँस्तोलाले यो सेवासँगै जटिल अवस्थाका बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था नआउने विश्वास व्यक्त गर्नुभयो । अस्पतालले गत चैतदेखि उपचारका लागि आउने बिरामीको सहजताका लागि बहिरङ्ग सेवा १२ घण्टा सञ्चालन गर्दै आएको छ । पहिले बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मात्र सेवा सञ्चालन भइरहेको थियो । दिउँसो मात्र बहिरङ्ग सेवा सञ्चालन गर्दा बिहानबेलुका बिरामीले निजी क्लिनिकमा गएर औषधोपचार गर्नुपर्ने बाध्यता बढेको गुनासोपछि बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म सेवा सञ्चालन गर्न थालिएको समितिका अध्यक्ष बाँस्तोलाले बताउनुभयो । अहिले थप गरिएका सेवा पनि बहिरङ्ग विभागमा १२ घण्टा र अन्तरङ्ग विभागमा चौबिसैघण्टा उपलब्ध हुने उहाँले जानकारी दिनुभयो । यसबाट दैनिक मजदुरीमा जानेदेखि शिक्षक र कर्मचारी लाभान्वित भइरहेका छन् । "सेवा विस्तार गरिएको समयमा सेवा लिन आउँदा थप शुल्क लाग्दैन ।

नागरिककै सहजताका लागि आफूहरू थप समय अस्पतालमा खटिन तयार भएपछि यो सम्भव भएको हो", उहाँले भन्नुभयो,"थप गरिएको समयमा पनि स्वास्थ्य बिमितहरूलाई स्वास्थ्य बीमामार्फत नै सेवासमेत उपलब्ध हुनेछ ।" सार्वजनिक बिदाका दिनमा बहिरङ्ग सेवा बन्द हुने भए पनि सघन उपचार कक्ष सेवा भने २४ सै घण्टा खुल्ला हुने भएकाले दैनिक काम छाडेर उपचार गर्नुपर्ने बाध्यतासमेत हट्दै भएको छ । सेवा विस्तार गरे पनि अस्पतालमा अझै जनशक्ति अभाव छ । यो समस्या समाधानका प्रदेश सरकारले केही जनशक्ति थप गरिदिनुपर्ने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गिरीको माग रहेको छ । यस अस्पतालमा दैनिक तीन सय ५० देखि चार सयसम्म बिरामी उपचारका लागि आउने गरेका छन् । १५ शय्यामा सञ्चालित अस्पताल ५० शय्यामा स्तरोन्नति गर्ने कार्य पनि अगाडि बढिरहेको छ ।

# महिलाहरूले बाजा बजाउने सिप सिकेपछि...

**रासस**
म्याग्दी, ३० जेठ



संस्कृति संरक्षण र आत्मनिर्भरताका लागि म्याग्दीको बेनी नगरपालिका-१० पात्लेखेतका आमा समूहले बाजा बजाउन थालेका छन् । युवा र पुरुषहरू विदेशिएका कारण जनशक्ति नहुँदा बिवाह, छेवार, ब्रतबन्ध, किरियामा बाजा बजाउने परम्परा र संस्कृति लोप हुन थालेपछि पात्लेखेतका महिलाले व्यवसायिक रूपमा बाजा बजाउने पेशा अपनाएका हुन् ।

संस्कृति र पेशालाई संरक्षण गर्दै आयआर्जन तथा आत्मनिर्भर बन्नका लागि बाजा बजाउन थालेको बेनी नगरपालिका-१० पात्लेखेतको सिद्धबराह आमा समूहका सचिव गीता रोकाले बताउनुभयो । "गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो," उहाँले भन्नुभयो "छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कारगत कार्यनै प्रभावित हुने अवस्था आएपछि महिलाहरूले बाजा बजाउने सिप सिकेर व्यवसाय थालेका छौ ।"

बाजा बजाउने सिप सिकेपछि मौलिक संस्कृतिको संरक्षणसँगै आयआर्जनको अवसर सिर्जना भएको पात्लेखेतकी सम्झना रोकाले बताउनुभयो । बेनी नगरपालिकाको "आमा समूहसँग उपमेयर" कार्यक्रम मार्फत पात्लेखेतका ३० जना महिलाहरूलाई हालै ४५ दिनसम्म बाजा बजाउने तालिम दिइएको थियो । तालिममा सहभागीहरूका लागि दुई सेट नौमती बाजाका सामग्री पनि उपलब्ध गराएको बेनी नगरपालिका-१० का वडा अध्यक्ष मसबिर रोकाले बताउनुभयो । सिप र सामग्री पाएपछि पात्लेखेतका महिलाहरूले व्यवसायिक रूपमा बाजा बजाउन थालेका उहाँले बताउनुभयो । नगरपालिकाले नौमती बाजा तालिम सञ्चालन र सामग्री खरिदमा रु. ६ लाख बिनियोजन गरेको थियो । यसैगरी रु. ३ लाख बजेटबाट रैथाने बाली प्रशोधन र भण्डारण गर्ने ११ वटा कम्बाइन्ड मिल र (प्याकेजिंग) मेशिन उपलब्ध गराइएको छ । समुदाय स्तरमा महिला शसक्तिकरण र सामाजिक कामको अगुवाई गरिरहेका आमा समूहसँग समन्वय गरेर महिलालाई स्थानीय स्रोत, साधन र सम्भावना भएको उद्यम व्यवसायी गरि आयआर्जनका काममा संलग्न गराउन कार्यक्रम मार्फत सिप र प्रविधि सहयोग गरीएको बेनी नगरपालिकाका उपप्रमुख ज्योती लामिछानेले बताउनुभयो । "महिला आर्थिक रूपमा सक्षम भए भने हिंसा न्युनीकरण, रोजगारीको सिर्जना र आत्मनिर्भर भई समाजमा अगाडी आउन सक्ने वातावरण बनाउने प्रयास गरेका हौ," उहाँले भन्नुभयो "चालु आर्थिक वर्षमा रु. २० लाख बिनियोजन भएको कार्यक्रम वडा नम्बर २ र १० मा लागू भएको छ ।" नगर उपप्रमुख लामिछानेको प्रस्तावमा दुई वर्षअघि निर्वाचित कार्यपालिकाको पहिलो बैठकले यो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । वडा नम्बर २ मा ५० जनालाई केराको थामबाट धागो र स्थानीय तितेपाती लगायतका सामग्री प्रयोग गरेर साबुन बनाउने तालिम दिइएको थियो । १५ जना आवद्ध ज्यामरुककोट सिर्जनशिल महिला उद्योगलाई ३ थान स्वीङ मेसिन उपलब्ध गराएको ज्यामरुककोटको मुल आमा समूह सञ्जालका सल्लाहकार उषाघर्ती घिमिरेले बताउनुभयो । १० जना आवद्ध गणेश फाइवर तथा कम्पोष्ट मल उद्योगलाई केराको रेशा निकाल्ने एक्स्ट्रयाक्ट मेसिन १ थान, रेशा निकाल्ने प्रविधि १ थान र भर्भि कम्पोष्ट मल बनाउने प्रबिधि १ थान हस्तान्तरण गरिएको छ । केरा खेतीको पकेट क्षेत्र रहेको खबरामा खेर गइरहेको केराको थामलाई सदुपयोग गरेर धागो र मल बनाउन थालिएको राधाकृष्ण कृषि सहकारी संस्थाका अध्यक्ष सोवित शर्माले बताउनुभयो ।

आठ जना उद्यमी आवद्ध प्रस्तावित जनश्रमीक महिला उद्योगलाई कपडा धुने सरफ उत्पादन गर्ने १ थान मिक्सचर, सरफ, साबुन, ट्वाइलेट क्लिनर, भाडा माझ्ने झोल साबुन, हात धुने झोल साबुन र ग्यास क्लिनिर सामग्री १ थान प्रदान गरिएको थियो ।

# बूढापाकाको गुनासो : 'सडकले पहिले हामी हिंड्ने गोरेटो मेटिए'

**रासस**
ढोरपाटन, ३० जेठ

एक दशकअगाडिसम्म बागलुङका अधिकांश ठाउँमा मोटरबाटो पुगेको थिएन । जब स्थानीय तह स्थापना भयो त्यस यता सडक नपुगेको गाउँ-बस्ती छैन । गाउँमा सडक नपुग्दा गाउँलेको यात्रा गोरेटो बाटोमै हुन्थ्यो ।

पछिल्लो समय गोरेटो बाटो प्रयोग हुन छाडताका लागि स्थानीयले जनश्रमदान गरी गोरेटो निर्माण गर्थे । अहिले त्यो चलन हराएको छ । ग्रामीण सडकले मान्छेलाई अल्छी बनाउनका साथै पुराना गोरेटो प्रयोगविहीन भएको तमानखोला गाउँपालिका-३ का मनबहादुर बुढाथोकीले बताउनुभयो ।

मोटरबाटोले टाढा-टाढा यात्रा गर्न र बजारबाट सामान ढुवानीका लागि धेरै सहज भएको भन्दै गोरेटो बाटो मासिएपछि गाउँको पहिचान नै मेटिने खतरा बढेको उहाँ बताउनुहुन्छ । पहिले सामान ढुवानी गर्न घोडा खच्चड प्रयोग गर्ने गरेको र अहिले गाडीमा ओसारपसार गर्न थालेको बुढाथोकी बताउनुहुन्छ । मोटरबाटोले गोरेटो बाटोसँगै कुवा, पोखरी, पानीको मुहान र चौपारी सबै विनाश गरेको गुनासो उहाँले गर्नुभयो । गाउँमा जथाभावी सडक निर्माण गर्नु आवश्यक नभएको उहाँको भनाइ छ । "पहिले घण्टौं हिँडेपछि गाडी चल्ने ठाउँमा पुगिन्थ्यो र पनि हामीहरू खुसी थियौं, अहिले घरै अगाडि गाडी गुड्न थाले पनि खुसी छैनौं, हरेक व्यक्तिलाई घर-घरमा सडक चाहिएको छ, त्यसले गर्दा हाम्रा मौलिक सम्पदा मासिए, गोरेटो बाटो गाउँले जीवनसँग जोडिएको मौलिकता हो", बुढाथोकीले भन्नुभयो, "अव्यवस्थित विकासले गाउँको अस्तित्व नै सङ्कटमा परेको छ, गाउँमा एउटा सडक भए पुग्छ, अहिले जताततै मोटर बाटो मात्रै निर्माण भएका छन्, गोरेटो बाटो झाडीले ढाकिएका छन् ।"

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन पुग्न दशकअगाडि गोरेटो बाटोको विकल्प थिएन । अहिले सडकले गर्दा दर्जनौं गोरेटो झाडीमा परिणत भएको स्थानीय तुलबहादुर सुनारले बताउनुभयो । उतिबेला स्थानीय लेक बेँसी गर्दा र हजारौंको सङ्ख्यामा वस्तुभाउ ओहोरदोहोर गराउन प्रयोग गरिने बाटो अहिले सडकले पुरिएको उहाँको भनाइ छ । आफूहरू ११ दिन लगाएर बुटवल पुगेर नुन, चामल बोकेर उपभोग गरेको स्मरण गर्दै अहिलेका पुस्ता आधा घण्टाको दूरीमा पनि गाडी नै चढ्न चाहने सुनार बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "अहिले जमाना फेरिए, हाम्रो पालाको जस्तो छैन, घर दैलोमै धेरै सुविधा आयो, टोलपिच्छे मोटर बाटो पुगे, त्यही भएर मान्छे एकै छिन पनि हिँड्न मान्दैनन्, पहिला हामी लेकबेँसी गर्ने बाटो अहिले कहाँ छन्, भेटिँदैनन्, कहीँ रूख बिरुवा उम्रिएका छन्, कतै काँडाले ढाकिएका छन्, कतै मोटेरबाटोले पुरेको छ, गोरेटोबाटो जोगाउनुपर्छ भन्नेमा कसैको ध्यान गएन, पहिला हामी हिँडेका ती बाटा कस्ता थिए, अहिले कस्ता भए ।"

# शिक्षिकाले मर्मत गरे हुरीले उडाएको विद्यालयको छानो

**पोखरापत्र संवाददाता**
दमौली ३० जेठ

तनहुँको बन्दीपुर गाउँपालिका-३ मा अवस्थित सरस्वती आधारभूत विद्यालयका शिक्षिकाले हुरीले उडाएको छानो मर्मत गर्नुभएको छ । यही जेठ १७ गते आएको हुरीले उडाएको विद्यालयको छानो विद्यालयमा अध्यापनरत शुभकामना कुँवर, निर्मला राना र बन्दना भट्टराईले मर्मत गर्नुभएको हो ।

हुरीले छानो उडाउँदा पठनपाठनमा समस्या भएपछि शिक्षिका आफैँ अग्रसर भएर मर्मतमा जुट्नुभएको विद्यालयका प्रधानाध्यापक सरस्वती भट्टराईले जानकारी दिनुभयो । विद्यालयको दुईवटा भवनमध्ये एउटाको छानो हुरीले उडाएको थियो । दुवै भवन जीर्ण अवस्थामा रहेका उहाँले बताउनुभयो ।

छानो नउडाएको अर्को भवनमा विद्यार्थी राखेर अध्यापन गराउँदै आइएको प्रधानाध्यापक भट्टराईले बताउनुभयो । उहाँका अनुसार विद्यालयमा ३१ जना विद्यार्थी अध्ययनरत छन् । छानो नहुँदा पानी परेर पठनपाठनमा समस्या भएपछि शिक्षिका आफैँले मर्मत थाल्नुभएको उहाँको भनाइ छ । प्रधानाध्यापक भट्टराईका अनुसार यसबारेमा गाउँपालिकालाई खबर गरिएको थियो । पालिकाबाट छानो छाउन समय लाग्ने जानकारी पाएपछि पुरानै छाना मर्मत गरी पठनपाठन सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

विद्यालयमा सातजना शिक्षक छन् । बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले हुरीले पालिकाभित्रका धेरै विद्यालय र घरहरूमा क्षति पुगेको बताउनुभयो । आवश्यकताका आधारमा तत्काल त्रिपाल पठाइएको भन्दै विद्यालयलाई पहिलो प्राथमिकतामा राखेर काम गरिने उहाँले बताउनुभयो ।

# पाँच केन्द्रबाट राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली ३० जेठ

जिल्ला प्रशासन कार्यालय तनहुँले राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनका लागि घुइँचो नगरिदिन आग्रह गरेको छ । कार्यालयले आज प्रेस विज्ञप्ति जारी गरी तोकिएको समयभित्रै सबै सेवाग्राहीलाई सहजरूपमा सेवा प्रवाह गर्ने सम्बन्धमा छलफल भइरहेको उल्लेख गरेको छ । प्रशासकीय अधिकृत विकास श्रेष्ठले जारी गर्नुभएको विज्ञप्तिमा 'आज सेवा नलिए भोलि पाइँदैन' भन्ने धारणा नराखी समन्वय गरिदिन आग्रह गरिएको छ ।

आगामी साउनभित्र सबै सामाजिक सुरक्षा भत्ताका लाभग्राहीलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गरिसक्ने गरी काम भइरहेकाले हतारिएर भीडभाड गर्नुपर्ने अवस्था नरहेको प्रशासन कार्यालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा साबिकमा दुई केन्द्रमार्फत राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन हुँदै आएकामा हाल तीनवटा सङ्कलन केन्द्र थप गरिएको प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । प्रशासन कार्यालयमा हाल चारवटा सङ्कलन केन्द्र रहेका भन्दै देवघाट गाउँपालिकामा एउटा केन्द्र थपिएको उहाँले बताउनुभयो ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आगामी साउनदेखि सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको अवस्थामा प्रशासन कार्यालयमा विवरण सङ्कलनका लागि वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिको बढी भीड लाग्ने गर्दछ । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले विवरण सङ्कलनको कार्यलाई सहज बनाउन पालिकागत रुपामा बार निर्धारण गर्ने विषयमा छलफल गरिएको बताउनुभयो ।

प्रशासन कार्यालयले निर्धारित समयभित्र सबैलाई परिचयपत्र नम्बर उपलब्ध गराउने भन्दै यसका लागि नागरिकले पनि आवश्यक समन्वय गरिदिनुपर्ने उहाँले बताउनुभयो ।


## Ex Servicemen Contributory Health Scheme (ECHS) फर्म हरायो

**मेरो भारतीय आर्मीको** Ex Servicemen Contributory Health Scheme (ECHS) **फर्म नदिपुरदेखि रामबजार पेन्सन क्याम्पसम्म जाने क्रममा** EX JC 103228 N Sub- Tam Prasad Pun **को श्रीमती गमा देवी को** (ECHS) **फर्म हराएको हुँदा निम्न नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः गमा देवी छन्त्याल पुन**
**ठेगानाः गुर्जाखानी, म्याग्दी**
PPO No: 5/030/38/1990
**सम्पर्क नं.: ९८४१४८७०४३**



## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०२/३१**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८१/०१/२३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र ) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनि जमानी कर्ताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तपाइले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलामबिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एका घरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचना द्धारा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|---|
| १. |  | सदस्यता न : १७८०<br>१. **नाम** : **अमृत बिश्वकर्मा**<br>जन्म मिति : २०४०/११/१०<br>ना.प्र.नं : १३६५४९<br>जारी मिति : २०६०/०२/२६<br>बाबु : पुर्णसिह बिश्वकर्मा<br>बाजे/ससुरा : खड्के बिश्वकर्मा<br>ठेगाना साविक : धिताल-३ कास्की<br>हाल : माछापुच्छ्रे-६ कास्की<br>सम्पर्क नं. : ९८०६५६०९१८<br><br>**धितो विवरण**: अमृत बिश्वकर्माको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायाम रहेको कास्की जिल्ला साविक घाचोक गा.वि.स. वडा न. ०३ स्थित कित्ता न.११६१ क्षेत्रफल १-१२-३-० रोपनी |  | १. **नामः** : **पुर्णसिह विश्वकर्मा**<br>ना.प्र.नं. : ५८१२७<br>जन्म मिति : २०२१/०४/१५<br>जारी मिति : २०५४/०९/०१ कास्की<br>बाबु : खड्के विश्वकर्मा<br>बाजे : गर्बे विश्वकर्मा<br>ठेगाना : साविक धिताल-३ कास्की<br>हाल : माछापुच्छ्रे-६ कास्की<br>सम्पर्क नं. : ९८२३७०६२७० |
| | | |  | २. **नामः** : **राजेन्द्र नेपाली**<br>ना.प्र.नं. : ११९६४८<br>जन्म मिति : २०४०/०४/११<br>जारी मिति : २०५८/०७/१६<br>बाबु : लिले सार्की<br>बाजे : लक्ष्मण सार्की<br>ठेगाना : साविक ढिकुरपोखरी १ कास्की<br>हाल : अन्नपूर्ण १ कास्की<br>सम्पर्क नं. : ९८०५१९५५६३ |
| २. |  | सदस्यता न. : १६५७<br>१. **नाम** : **दिपा गुरुङ**<br>जन्ममिती : २०४२/१२/०७,<br>ना.प्र.नं : ४५१०५७/२६१०,<br>जारी मिति : २०६४/०८/२१ लमजुङ<br>बाबु : नौं बहादुर गुरुङ<br>पति : उमेश गुरुङ<br>बाजे/ससुरा : मनबहादुर गुरुङ<br>ठेगाना : साविक श्रीभञ्ज्याङ-१, लमजुङ<br>हाल : पोखरा १४, चाउथे<br>सम्पर्क नं. : ९८१४१२०८०३<br><br>**धितो विवरणः** दिपा गुरुङको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं-७ स्थित कित्ता नं ८९३, ८८९ र ८९७ को क्षेत्रफल क्रमश ८१०.८०, १४५.०७, १५१.०३ वर्ग मि. |  | १. **नाम** : **उमेश गुरुङ**<br>ना.प्र.नं. : २५१३७<br>जारी मिति : २०५४/०८/१९ लमजुङ<br>बाबु : मन बहादुर गुरुङ<br>बाजे : बलराम गुरुङ<br>ठेगाना : श्रीभञ्याङ्-१, लमजुङ<br>हाल : पोखरा१४, चाउथे<br>सम्पर्क नं. : ९८५६०३१३१५ |
| | | |  | २. **नाम** : **चिजकाजी गुरुङ**<br>ना.प्र.नं. : ११११५ कास्की<br>बाबु : पुर्ण बहादुर गुरुङ<br>बाजे : भक्त बहादुर गुरुङ<br>ठेगना : पोखरा-१४ कास्की<br>हाल : पोखरा-१४ कास्की<br>फोन नं. : ९८६९१४६४७५ |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**